# मुक्तिनाथ विकास बैंक लिमिटेड
# MUKTINATH BIKAS BANK LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'ख' वर्गको वित्तीय संस्था (१० जिल्ला कार्यक्षेत्र भएको)

**Central Office:** Pokhara-9, Prithivichowk, Kaski

**Phone:** 061-522786 **Fax :** 061-537952

**E-mail:** info@muktinathbank.com.np, **Website:** www.muktinathbank.com.np


# Unaudited Financial Results (Quarterly)

## As at 4th Quarter (2071-03-32) of the Fiscal Year 2070/071

*(Rs. in '000)*

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **6,090,472.19** | **5,518,868.28** | **4,467,866.00** |
| 1.1 | Paid-up Capital | 367,500.00 | 367,500.00 | 329,884.00 |
| 1.2 | Reserves and Surplus | 235,792.22 | 178,714.94 | 68,594.00 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 98,150.00 | 210,820.00 | 248,830.00 |
| **1.5** | **Deposits (a+b)** | **5,197,885.49** | **4,552,231.86** | **3,662,813.00** |
| | a. Domestic Currency | 5,197,885.49 | 4,552,231.86 | 3,662,813.00 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 3,419.32 | 4,223.41 | |
| 1.7 | Other Liabilities | 187,725.16 | 205,378.07 | 157,745.00 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,090,472.19** | **5,518,868.28** | **4,467,866.00** |
| 2.1 | Cash & Bank Balance | 387,359.75 | 316,847.03 | 356,674.00 |
| 2.2 | Money at call and short Notice | 1,075,302.56 | 794,201.96 | 938,796.00 |
| 2.3 | Investments | 65,768.94 | 194,760.80 | 53,679.00 |
| **2.4** | **Loans & Advances (Gross) (a+b+c+d+e+f)** | **4,440,887.61** | **4,051,049.58** | **3,042,870.00** |
| | a. Real Estate Loan | **90,636.34** | **88,855.32** | **71,027.00** |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 10 million) | | | |
| | 2. Business Complex & Residential Apartment Construction Loan | | | |
| | 3. Income generating Commercial Complex Loan | | | |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 90,636.34 | 88,855.32 | 71,027.00 |
| | b. Personal Home Loan of Rs. 10 million or less | 717,105.28 | 655,928.17 | 562,848.00 |
| | c. Margin Type Loan | | | |
| | d. Term Loan | 698,086.62 | 652,824.06 | 99,301.00 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 714,106.98 | 671,633.60 | 484,547.00 |
| | f. Others | 2,220,952.40 | 1,981,808.42 | 1,825,147.00 |
| 2.5 | Fixed Assets | 67,047.86 | 73,476.44 | 56,842.00 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 54,105.46 | 88,532.47 | 19,005.00 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 613,588.54 | 432,669.85 | 472,002.00 |
| 3.2 | Interest Expense | 286,732.48 | 213,107.74 | 242,924.00 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **326,856.06** | **219,562.11** | **229,078.00** |
| 3.3 | Fees Commission and Discount | 8,010.29 | 5,560.12 | 9,169.00 |
| 3.4 | Other Operating Income | 80,411.91 | 49,031.14 | 45,747.00 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **415,278.25** | **274,153.37** | **283,994.00** |
| 3.6 | Staff Expenses | 89,024.79 | 65,438.39 | 67,643.00 |
| 3.7 | Other Operating Expenses | 78,231.47 | 46,296.23 | 55,106.00 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **248,021.99** | **162,418.75** | **161,245.00** |
| 3.8 | Provision for Possible Loss | 17,143.01 | 16,568.88 | 21,390.00 |
| **D** | **Operating profit (C-3.8)** | **230,878.99** | **145,849.87** | **139,855.00** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 7,977.70 | 4,381.15 | 171.00 |
| 3.10 | Write Back of Provision for Possible Loss | | | 14,511.00 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **238,856.69** | **150,231.02** | **154,537.00** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **238,856.69** | **150,231.02** | **154,537.00** |
| 3.12 | Provision For Staff Bonus | 21,714.24 | 13,657.37 | 14,049.00 |
| 3.13 | Provision For Tax | 65,142.73 | 40,972.10 | 42,471.00 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **151,999.71** | **95,601.56** | **98,017.00** |
| **4** | **Ratios (Mandatory)** | | | |
| 4.1 | Capital Fund to RWA | 12.66% | 12.40% | 12.14% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.44% | 0.66% | 0.59% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 321.03% | 229.11% | 255.21% |
| 4.4 | Cost of Funds (LCY) | 6.19% | 6.14% | 7.45% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 76.56% | 79.47% | 74.67% |
| 4.6 | Base Rate | 10.31% | 10.26% | |

* Loans and investment are presented on gross basis, loss provisions are included on other liabilities.
* Previous period figures have been regrouped/rearranged whereever necessary.
* Above figures are subject to change upon otherwise instructions of Statutory Auditors and/or Regulatory Authorities.

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को अनुसूची १४**
**(नियम २२ को उपनियम २ सँग सम्बन्धित)**

# आ.ब. २०७०/०७१ को चौथो त्रैमासिक प्रतिबेदन

१) **वित्तीय विवरण** :

क) यस विकास बैंकको वासलात, नाफा नोक्सान हिसाब सम्बन्धी विवरण :
यस विकास बैंकको चौंथो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रु. ४१.३६ (बार्षिक) | प्रति शेयर कुल सम्पत्तिको मूल्य | रु. १,६५७.२७ |
| मूल्य आम्दानी अनुपात | १५.२३ (बार्षिक) | तरलता अनुपात | २८.१४ प्रतिशत |
| प्रति शेयर नेटवर्थ | रु. १६३.९१ | पूँजीकोष अनुपात | १२.६६ प्रतिशत |

२) **व्यवस्थापकीय विश्लेषण** :

**क) त्रैमासिक अबधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण** :
यस अबधिको चौंथो त्रैमासिक मसान्त सम्ममा विकास बैंकको मौज्दात र आम्दानी बिगतमा झैं निरन्तर बृद्धि भईरहेको छ भने तरलतामा समेत बृद्धि भएको छ । जसमा सम्पत्तिको गुणस्तरीय व्यवस्थापन, संस्थागत सुशासनको पूर्ण पालना, कुशल व्यबस्थापन पक्ष तथा निष्ठावान कर्मचारी समुह, समय सापेक्ष गुणस्तरीय सेवामा विविधिकरण, कार्यक्षेत्रहरुमा सेवा विस्तार, ठूलो ग्राहक संख्याको आधार एवं विकास बैंकको उच्च प्रतिष्ठा आदि प्रमुख कारणहरु रहेका छन् ।

**ख) आगामी अबधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापकको बिश्लेषणात्मक विवरण** :

१. संस्थाले हाल संचालनमा रहेका २० वटा आधुनिक बैंकिङ्ग, ५ वटा सीमित बैंकिङ्ग र ४ वटा लघुवित्त ईकाइ कार्यालयहरु मार्फत वित्तीय सेवा प्रदान गर्दै आईरहेकोमा यसै श्रावण महिनाभित्रै गुल्मीको रिडी बजार, पाल्पाको ताहुँ र सरेई, रुपन्देहीको हरैया र रामापुर, नवलपरासीको गोपिगञ्ज, गिरुवारी र डेढगाउँ एवं चितवनको पार्वतीपुर र खोलेसिमलमा १० वटा सीमित बैंकिङ्ग कार्यालयहरु संचालन गरी व्यवसायिक संजाल विस्तार गर्ने साथै ने.रा.बैंकको निर्देशन अनुसार कृषि, उर्जा, पर्यटन एवं घरेलु तथा साना उधोग लगायतका प्राथमिक तथा उत्पादनशील क्षेत्रहरुमा व्यवसाय विविधीकरण गरी थप लगानी विस्तार गर्ने भावी कार्ययोजना रहेको छ ।

२. ग्रामीण क्षेत्रमा बसोबास गर्ने पूँजीको अभावमा ब्यवसाय संचालन गर्न नसकेका विपन्न, जागरुक एवं उद्यमशिल महिलाहरुलाई आत्मनिर्भर बनाई गरिबी निवारण तथा वित्तीय पहुँचमा अभिवृद्धि गराउन लघुवित्त सेवा थप विस्तार गरी आफ्नो कार्यक्षेत्र भित्रका प्रत्येक न.पा. तथा गा.वि.स. हरुमा वित्तीय पहुँच पुऱ्याउने योजना रहेको छ ।

३. समयको माग र आवश्यकता अनुसार ग्राहकहरुलाई छिटो छरितो अत्याधुनिक बैकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले ई-बैंकिङ्ग प्रविधिमा आधारित अन्य थप सुविधाहरु उपलब्ध गराउने योजना रहेको छ ।

४. विकास बैंकको समग्र आर्थिक कारोबारमा भईरहेको निरन्तर बृद्धिदरको कारण पूँजीकोषमा पर्न सक्ने असरलाई समयमानै व्यबस्थापन गर्न नेपाल धितोपत्र बोर्डमा हकप्रद शेयर निश्कासनको स्विकृती माग गरी पेश भैसकेकाले सोको स्विकृती पश्चात २५ प्रतिशतको दरले (४:१ को अनुपातमा) हकप्रद शेयर जारी गरी चुक्ता पूँजी बृद्धि गर्ने भावी योजना रहेको छ ।

ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन तथापि अर्थव्यवस्थाका समग्र गतिविधिहरुबाट वित्तीय संस्था पनि प्रभावित हुने भएकाले सोहि अनुरुप वित्तीय कारोवार प्रभावित भईरहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी** :

क)त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए : नभएको ।

ख)संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए : यस सम्वन्धमा कुनै जानकारी प्राप्त नभएको ।

ग) कुनै सञ्चालक वा संस्थापक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए : यस सम्वन्धमा कुनै जानकारी प्राप्त नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण** :

क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : यस विकास बैंकका सम्पूर्ण शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचिकृत भई धितो पत्र विनिमय बजारमा खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप शेयरको कारोबार भईरहेको छ भने समग्रमा यस संस्थाको शेयर अन्य वित्तीय संस्थाको भन्दा अधिक मूल्यमा कारोवार हुनुलाई महत्वपूर्ण उपलब्धिको रुपमा लिएका छौं ।

ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :
यस अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्याको विवरण देहाय बमोजिम रहेको छ ।

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु. ६४५ | कुल कारोबार भएको दिन | ६१ दिन |
| न्यूनतम मूल्य | रु. ५१० | कुल कारोबार शेयर संख्या | ९२,२८४ (कित्ता) |
| आषाढ मसान्तको अन्तिम मूल्य | रु. ६३० | कुल कारोबार संख्या | ६१७ |

(नेपाल स्टक एक्सचेन्जको वेवसाईट www.nepalstock.com अनुसार)

५) **समस्या तथा चुनौती** : यस विकास बैंकले वहन गरेको आन्तरिक तथा बाह्य समस्या तथा चुनौतीहरु निम्न बमोजिम रहेका छन् ।

**क) आन्तरिक समस्या तथा चुनौती**: बैंकिङ्ग क्षेत्रमा देखिएको तिव्र प्रतिस्पर्धा, अधिक तरलता एवं लगानीयोग्य उत्पादनशील क्षेत्रको अभाव, नियामक निकाय बाट व्याजदर अन्तरमा गरिएको संकुचन, बढ्दो संचालन लागत साथै निक्षेप, कर्जा तथा लगानीको ब्याजदरमा भईरहने नियमित परिवर्तनले संस्थाको मुनाफा वृद्धिदर कायम राखिराख्नु थप चुनौतीपूर्ण रहेको छ ।

**ख) बाह्य समस्या तथा चुनौती**: देशको संक्रमणकालिन राजनैतिक अवस्था, न्युन आर्थिक बृद्धिदर, उच्च मूल्य बृद्धि, लगानी मैत्री वातावरणको अभाव, औद्योगिक तथा व्यापारीक क्षेत्रमा व्याप्त श्रम समस्या, उर्जा संकट एवं अस्थिर व्यवसायिक कानूनी वातावरण जस्ता अनपेक्षित क्रियाकलापले वित्तीय व्यावसायमा प्रतिकुल असर पार्न सक्नु प्रमुख बाह्य समस्याहरु हुन् ।

**ग) रणनीति** :
उल्लेखित समस्या तथा चुनौतीहरु सामना गर्न जनता बैंकमा होईन, बैंक जनतामा जानुपर्छ तथा गाउँ गाउँमा लघुवित्त फैलाउँ, गरिबी र विपन्नता हटाउँ भन्ने मुल मर्मका साथ लगानी विविधिकरण गरी लघुवित्त मार्फत सामुहिक जमानीमा जागरुक तथा उद्यमशिल समूहलाई स-सानो ऋण रकम प्रवाह गरी देशको गरीवी निवारण एवं वित्तीय पहुँच अभिवृद्धिमा ठोस योगदान पुऱ्याउने साथै प्राथमिक तथा उत्पादनशिल क्षेत्रहरुमा लगानी बढाउने, दक्ष जनशक्ति विकासका लागि तालिम लगायत वृत्ति विकासका कार्यक्रमहरु संचालन गर्ने, व्याजदर परिवर्तनको प्रभावलाई न्युनीकरण गर्दै जाने, संचालन खर्च घटाउने एवं आधुनिक बैंकिङ्गका थप सुविधाहरुलाई समेट्दै छिटो, छरितो तवरले ग्राहकमुखी सेवा उपलब्ध गराउनु नै संस्थाको रणनीति रहेको छ ।

६) **संस्थागत सुशासन** :
**संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम सम्बन्धी विवरण** :

क) संस्थाले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायद्धारा जारी गरिएका संस्थागत सुशासन सम्बन्धी निर्देशनहरुको पूर्ण रुपमा पालना गरिरहेको छ साथै संस्थागत सुशासन अभिवृद्धिको लागि आन्तरीक नियन्त्रण प्रणाली व्यवस्थित गर्न स्वतन्त्र आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको तथा प्रत्येक त्रैमासको आन्तरिक लेखापरीक्षण गराई लेखा परीक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई व्यवस्थापन मार्फत कार्यान्वयन गराउन लेखापरीक्षण समिति सदैव क्रियाशील रहेको छ ।

ख) संचालन जोखिम कम गर्न तथा कामलाई व्यवस्थित गर्न विभिन्न आन्तरिक नीति, नियम तथा निर्देशिकाहरु तर्जुमा गरी लागू गरिएको छ ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण** :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आबश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

**मेरो बैंक, तपाईको बैंक, हामी सबैको बैंक - मुक्तिनाथ विकास बैंक...**